# सियारी गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम

"कृषि, पर्यटन र दिगो पूर्वाधारयुक्त नगरी : समावेशी, मर्यादित, स्वच्छ र समृद्ध सियारी"

## सियारी गाउँपालिका रूपन्देहीको

## आर्थिक वर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम

**सियारी गाउँपालिकाका उपाध्यक्षज्यू, सभाका सदस्य ज्यूहरु, गाउँसभाका सचिव लगायत राष्ट्रसेवक कर्मचारीहरू, शिक्षकहरू, पत्रकारहरू, सुरक्षाकर्मीहरु तथा सम्पुर्ण उपस्थित महानुभावहरुलाई सियारी गाउँपालिकाको १५ औं गाउँ सभामा हार्दिक स्वागत तथा आभार प्रकट गर्दछु।**

सियारी गाउँपालिकाको गरिमामय गाउँसभामा गाउँपालिका अध्यक्षको हैसियतले आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु साथै यो अवसर प्रदान गर्नुहुने समस्त सियारीवासी प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

संघीय शासन प्रणालीको स्थापनाका लागि पटक-पटक भएका राजनैतिक आन्दोलन र नागरिक संघर्षहरुमा शाहदत्त प्राप्त गर्ने सम्पूर्ण ज्ञात-अज्ञात वीर शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु। उहाँहरुको परिवार तथा आफन्तजनहरुप्रति गहिरो समवेदना प्रकट गर्दछु।

सम्वत २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको दुई बर्ष पुरा भएको छ। यस अवधिमा गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार लगायतका क्षेत्रको विकास, सेवा प्रवाह र सुशासनको क्षेत्रमा उल्लेख्य रुपमा सुधार भएको मैले महशुस गरेको छु।

आ.व. २०८०/०८१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समानीकरण अनुदान सिफारिसका लागि गर्ने कार्य सम्पादन मूल्यांकनमा १७ वटा सूचकांकमा प्रदान गरिएको अंकका आधारमा जम्मा ६९.९५ प्रतिशत अंक प्राप्त गरी गाउँपालिका रुपन्देहीका १६ वटा स्थानीय तहमा पहिलो भएको छ। त्यसैगरी स्थानीय संस्थागत क्षमता स्वःमूल्याकन (लिजा) मा ८८.५% अंक प्राप्त गरी रुपन्देहीका गाउँपालिकामा पहिलो तथा वित्तीय जोखिम मूल्याकंन (एफ.आर.ए) मा. ७५.५ अंक सहित रुपन्देहीमा समग्रमा तेस्रो तथा गाउँपालिकामा प्रथम भएको छ।

आ.व २०७९/०८० मा ८७.२९% बजेट खर्च गरी रुपन्देही जिल्लामा सबैभन्दा बढी बजेट खर्च गर्ने सफल पालिकाले आ.व. २०८०/०८१ मा राजश्व संकलनलाई पूर्णतया अनलाइन प्रणाली अन्तर्गत सरकारी सफ्ट्वेयर सुत्र (SuTRA) प्रणालीमा आवद्ध गर्ने लुम्बिनी प्रदेशको प्रथम स्थानीय तहको रुपमा सियारी गाउँपालिका रहेको छ। यो उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउनुहुने **सम्पूर्ण सियारीवासी, राजनैतिकदल, नागरिक समाजका अगुवा, गाउँपालिका उपाध्यक्षज्यू, सभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीहरू, शिक्षकहरू, पत्रकारहरू, सुरक्षाकर्मीहरु तथा सम्पुर्ण उपस्थित महानुभावहरुलाई विशेष आभार प्रकट गर्दछु।**

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई प्रदान गरेका एकल तथा साँझा अधिकारको पुर्ण उपयोग तथा समन्वय, सहकार्य र सह-अस्तित्वको सवैंधानिक मर्म अनुसार प्रदेश तथा संघीय सरकारसँगको सहकार्यलाई प्रर्बद्धन गर्दै समावेशी मर्यादित स्वच्छ र समृद्ध गाउँपालिका निर्माण गर्न हामी निर्वाचित

## सियारी गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम

जनप्रतिनिधिहरु हिजो, आज र भोली सधै प्रतिबद्ध रहेको र रहीरहने विश्वास सम्पूर्ण सियारी वासीलाई दिलाउन चाहन्छौं।

आर्थिक, सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान बहु आयमिक गरिवी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै **"कृषि, पर्यटन र दिगो पूर्वाधारयुक्त नगरी : समावेशी, मर्यादित, स्वच्छ र समृद्ध सियारी"** निर्माण गर्ने दीर्घकालिन सोचसहित आ.व २०८१/०८२ को गाउँपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु।

१. कृषिलाई आर्थिक समृद्धिको मेरूदण्ड मान्दै **"व्यवसायिक कृषि पेशा अबलम्वन गरौं, आत्मनिर्भर बनौं"** भन्ने उद्देश्यका साथ कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरण गर्न अभिप्रेरित गरिनेछ।

२. दुध उत्पादन, माछा तथा मकै खेतिमा शुरु गरिएको ***उत्पादनका आधारित अनुदान*** कार्यक्रमलाई निरन्तरता दिँदै थप कृषि तथा पशुजन्य उत्पादनका कार्यक्रमलाई बिस्तार गरिनेछ। आ.व. २०८१/०८२ मा गाउँपालिकालाई खाद्यान्न, दुध, माछामासु, बेसार, खुर्सानी र लसुनमा आत्मनिर्भर हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ। बेसार, खुर्सानी, लसुन उत्पादन गर्ने उत्कृष्ट किसानहरुलाई पुरस्कृत गरिनेछ।

३. कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न तथा युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्न कृषकहरुको तथ्याङ्क संकलन गरी निश्चित मापदण्डको आधारमा कृषकको वर्गीकरण गरी कृषक परिचयपत्र वितरण गर्ने कार्यलाई पूर्णता दिइनेछ साथै किसानहरुले प्राप्त गर्ने मल, अनुदान, बिउबिजन, सिँचाई सुविधा लगायतका सम्पूर्ण सेवा सुबिधाहरु किसान कार्डको आधारमा वितरण गरिदै आएकोमा यसलाई थप व्यवस्थित गरिनेछ ।

४. आधुनिक कृषि व्यवसायबाट मात्र उत्पादन बढ्ने, रोजगारीको सृजना हुने हुँदा उत्पादनलाई बढावा दिदैं बजारीकरण गर्ने, जसका लागि हाटबजारहरुको संरचनात्मक सुधार, विकास र बिस्तार गरिनेछ । अमुवामा नयाँ आधुनिक हाट बजारको स्थापना गरी कृषि उपज खरिद विक्री केन्द्रको रुपमा समेत विकास गरिनेछ। दुध, घ्यु, मह तथा कृषिजन्य उत्पादनलाई बढवा दिन स्थानीय तह, विद्यालय तथा अन्य सरकारी कार्यालयहरुमा स्थानीय उत्पादनलाई उपयोग गर्न प्रोत्साहन गरिनेछ।

५. पिछडिएका महिलाहरुलाई आय मुलक कार्यक्रममा आवद्ध गर्न कुचो, रुमाल, अचार, कोसेली मिठाई जस्ता उत्पादन मुलक क्रियाकलाप तथा व्यवसाय गर्न संघ संस्था, सहकारी लगायतसंग साझेदारी र सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।

६. दुध तथा मासुजन्य उत्पादन वृद्धीका लागि गाई, भैसी र बाख्रामा निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रम मार्फत नश्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। साथै कृषकहरुले पालन गरेका पशुहरुमा पुर्ण खोपको सुनिश्चितता गरिनेछ।

७. सामुहिक खेति गर्ने किसान, संघ संस्थालाई प्रोत्साहन गर्दै बिउ मलमा ५० प्रतिशत अनुदानको व्यवस्था मिलाइनेछ।

# सियारी गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम

८. वडा नं.२ च्याङ्गठामा रहेको पशु हाटबजारलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

९. आ व २०७९।०८० मा सुरु भएको फलफुल खेति कार्यक्रमलाई निरन्तरता दिदै २०८१/०८२ मा थप १० विगाह क्षेत्रफलमा विस्तार गरिनेछ ।

१०. किसानसंग प्राविधिक भेटघाट कार्यक्रम मार्फत सम्भाव्य उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषकको आय स्तर वृद्धि गरिनेछ।

११. आ.व.२०८१/०८२ मा दलहन, तेलहन तथा खाद्यान्न वाली विकासका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१२. भै.लु.भू.ज.अन्तर्गत सञ्चालनमा रहेका पम्पबाट सिचाई सुबिधा लिने कृषकहरुलाई विद्युत महशुलमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ । प्रत्येक चौमासिकमा अनुदानप्राप्त पम्पहरुको विवरण सार्वजनिक गरिनेछ।

१३. वडा नं.२,३ र ४ को अधिकांश कृषि योग्य भूमी सिञ्चित गर्ने उद्धेश्यका साथ तिनाउ तथा दानव नदीमा निर्माणाधीन लिफ्ट सिचाई आयोजनाको थप पाइपलाईन विस्तारगरी आवश्यक आउटलेटहरु थप गर्ने व्यस्था मिलाइनेछ।

१४. जीर्ण अवस्थामा रहेका डिप वोरिङ्ग तथा नहरहरु मर्मत गरी संचालन गरिनेछ। साथै भै.लु.भू.ज.बाट सिञ्चित हुने क्षेत्र बाहेकका कृषकहरुलाई सिँचाई सुविधा उपलब्ध गराउन साना सिँचाई कार्यक्रम अन्तर्गत बोरिंग ट्युबवेलको विस्तार गरिनेछ।

१५. स्थानीय लोक सँस्कृतिको जगेर्ना गर्दै आन्तरिक पर्यटनलाई आकर्षण गर्ने नीति अवलम्वन गरिनेछ।

१६. कृषि तथा मत्स्य पर्यटनको गन्तब्य स्थलको रुपमा सियारीलाई विकास गरिने छ। नदी तथा वनक्षेत्र, धार्मिक क्षेत्र, पार्क निर्माणको माध्यमबाट पर्यटन विकास गरी आयआर्जन र रोजगारीको श्रृजना गरिनेछ। मत्स्य जोनलाई प्रभावकारी परिचालन र छपियाको माछाको ब्यापक प्रचार र सु-ब्यवस्था मार्फत मत्स्य पर्यटन प्रवर्द्धन गर्नको लागि काठमाडौँ महानगरपालिका तथा अन्य बजार क्षेत्रसंग समन्वय तथा सहकार्य गरिनेछ।

१७. यस आर्थिक वर्षमा नापी भएका घरवास (गाउँ ब्लक) जग्गाको जग्गा धनी प्रमाण पुर्जा वितरण गर्ने कार्यलाई सम्पन्न गरिनेछ । सियारी गाउँपालिकाको भूगोलमा पर्ने तर फिल्ड नक्सा मानमटेरिया र मानपकडी अन्तर्गत पर्ने वडा न. ५ बनघुसरी क्षेत्रका जग्गाहरुलाई पुन: नापी गरी हालसाबिक गरिनेछ ।

१८. गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुको अनुगमन, नियमन र सञ्चालनमा प्रभावकारीता ल्याइनेछ । किसान कार्ड प्राप्त गरेका किसानहरुलाई आफ्नै वडामा संचालित सहकारी मार्फत रासायनिक मल, उन्नत बिउ बिजनको उत्पादन, प्रबर्द्धन र वितरणमा प्रोत्साहन गरिनेछ।

१९. गरिवी न्यूनीकरणका लागि विभिन्न आयमुलक तालिम तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२०. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी प्रविधि हस्तान्तरणको समेत व्यवस्था गरिनेछ साथै मोतिखेतिको तालिम तथा उत्पादनमा किसानलाई अनुदान तथा प्रोत्साहन गरिनेछ।

२१. यस गाउँपालिका क्षेत्रमा उद्योग, व्यवसाय र व्यापार सञ्चालनमा गाउँपालिकाले सहयोगी र समन्वयकारी भूमिका निभाउनेछ।

२२. स्थानीय तहमा सञ्चालन हुने उद्योगहरूमा निश्चित प्रतिशत स्थानीय नागरिकहरुलाई रोजगारी दिनुपर्ने व्यवस्थाको लागि उद्योगीहरुसँग समन्वयकारी भूमिका निर्वाह गरिनेछ।

२३. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारीको अवसर प्रदान गरिनेछ र सूचीकृत बेरोजगार व्यक्तिका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

२४. सूचिकृत रोजगारीको खोजीमा रहेका बेरोजगार जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग र कृषि लगायतका क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगार विनिमय सेवा प्रदान गरिनेछ।

२५. एकिकृत श्रम तथा रोजगार सेवा प्रवाह अन्तर्गत श्रमबजारमा प्रवेशका लागि आवश्यक न्युनतम योग्यता सम्बन्धी जानकारी तथा रोजगारमा प्रवेशका लागी व्यक्तिगत विवरण तयारी र आवेदन प्रक्रियामा सहयोग गरी वैदेशिक रोजगारमा संलग्न हुन चाहाने व्यक्तिलाई आप्रवासन सम्बन्धि सेवा प्रदान गरी रोजगार रेफरल सेवा प्रदान गरिनेछ।

२६. रोजगार संवाद मञ्च संचालन गरी रोजगार दातासंग प्रत्यक्ष सम्बन्ध विस्तार तथा सहकार्य गरिनेछ।

२७. रोजगार सेवा केन्द्रलाई गाउँपालिकामा आन्तारिकीकरण गरिनेछ।

२८. श्रम तथा रोजगारमुलक सेवाको अभिलेखांकन गरिनेछ , रोजगारदाता तथा रोजगारीका खोजीमा रहेका व्यक्तिको अभिलेख र रोजगारको सम्भाव्यता पहिचान गरी रोजगारीका क्षेत्र तथा अवसरहरुको नक्सांकन गरिनेछ।

२९. सिपमुलक तथा क्षमता विकासका क्रियाकिलापहरुको सम्योजन तथा संचालन गरी बजारको माग र आवश्यकता बमोजिम रोजगारमा पदस्थापन गर्न आवश्यक समन्वय गरिनेछ।

३०. सियारी गाउँपालिकाको शिक्षा क्षेत्रमा आवश्यक सुधारको लागि योजनावद्ध तरिकावाट कार्यक्रमहरुलाई अगाडि वढाउनका लागि १० वर्षे शिक्षा योजनालाई मूल्यांकन गरि अद्यावधिक गरिनेछ।

३१. अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ वमोजिम सम्वत २०८५ वैशाख १ गते पश्चात आधारभूत शिक्षा (कक्षा ८ उत्तिर्ण) प्राप्त नगरेका कुनै पनि नागरिकलाइ राज्यवाट कुनै पनि सेवा प्राप्त नहुने भएको हुँदा कक्षा ८ उत्तिर्ण नगरेका ४ वर्ष देखि २२ वर्ष उमेर समूह भित्रका सवै सियारीवासी नागरिकहरुको सामुदायिक सिकाइ केन्द्र मार्फत तथ्यांक संकलनको व्यवस्था मिलाइनेछ।

३२. आधारभूत शिक्षा प्राप्त नगरेका २२ वर्ष भित्रका सियारीका नागरिकहरुलाइ वैकल्पिक शिक्षाको सम्पर्क कक्षावाट पठन पाठनको व्यवस्था मिलाइनेछ।

३३. गाउँपालिकामा देखिएको पुडकोपन, ख्याउटेपन, कमतौल लगायत न्यून पोषणको अवस्था सुधारको लागि हाम्रो सियारी स्थानिय पाठ्यक्रममा आधारभूत तहमा पोषण शिक्षाको व्यवस्था मिलाइनेछ।

३४. वालविकास देखि कक्षा ५ सम्मका वालवालिकाहरुलाई प्रदान गर्दै आएको दिवा खाजाको व्यवस्थालाई निरन्तरता दिइनेछ। न्यून पोषणको मुख्यकारक तत्व पत्रु खाना /खाजा भएको हुदाँ

त्यसको प्रत्यक्ष असर वालवालिकाहरुमा पर्ने हुदाँ विद्यालयमा दिवा खाजामा पत्रु खाजा पूर्णत निषेध गरिनेछ। त्यस्तो गर्ने/गराउने विद्यालय र प्र.अ.लाई कार्वाहीको दायरामा ल्याइनेछ।

३५. विद्यालय शिक्षामा वालअधिकार र मानवअधिकार शिक्षालाई जोड दिइनेछ।

३६. जनप्रतिनिधिलाई विद्यालय र वालवालिकाहरुसँग जोडदै विद्यार्थीका भावना, अपेक्षा, विचार र आवश्यकताहरु वुझ्न र उनीहरुलाई प्रेरणा हौसला प्रदान गर्नको लागि महिनाको एकपटक अध्यक्ष, उपाध्यक्ष र सम्वन्धित वडाको वडाध्यक्षको प्रत्यक्ष उपस्थितिमा अन्तरक्रिया गर्ने गरि **विद्यार्थीसँग अध्यक्ष** कार्यक्रम सञ्चालन गरिनेछ।

३७. शिक्षाको सुधारको लागि शिक्षक तथा विद्यार्थीको ड्रेस, पठन पाठनको माध्यम, निशुल्क तथा अनिवार्य शिक्षा, अभिभावक शिक्षा, विद्यालय व्यवस्थापन समितिको भूमिका, विद्यालय समायोजन आदि विषयमा सियारी गाउँपालिकाको शिक्षा ऐन २०७४ को पहिलो संशोधनमा गरिएको व्यवस्था वमोजिम सियारीको शिक्षा सुधार समिति/ कार्यदल गठन गरि सूझावहरुलाइ कार्यान्वयन गरिनेछ। विद्यार्थी संख्या ज्यादै न्यून भएका विद्यालयहरुलाई क्रमश: समायोजन गर्दै जाने नीति अवलम्बन गरिनेछ र समायोजन प्रक्रियामा जाने विद्यालयलाई विद्यालय बस, प्रविधि लगायत अन्यक्षेत्रमा आवश्यक सहयोग गरिनेछ।

३८. सियारी शैक्षिक महोत्सव तथा राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितालाई निरन्तरता दिदै वालवालिकाहरुको प्रतिभा पहिचानको लागि प्रोत्साहन गरिनेछ।

३९. विद्यालयमा पठन पाठनको अवस्था शैक्षिक नेतृत्वमा निर्भर गर्ने भएको हुदाँ नेतृत्व चयनका लागि आवश्यक प्रकृयालाइ अगाडि वढाइनेछ। साथै दरबन्दी मिलानको कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

४०. **"स्वास्थ्यकालागि खेलकुद, राष्ट्रकालागि खेलकुद"** भन्ने नाराका साथ अध्यक्षकप रनिङ्ग शिल्ड फुटवल प्रतियोगितालाई निरन्तरता दिइनेछ। विभिन्न खेलको माध्यमवाट युवाहरुको बहुआयमिक प्रतिभा प्रस्फुटनमा प्रोत्साहन गरिनेछ। फुटबल, क्रिकेट र भलिबलका खेल सामाग्री खरिद गरी खेलाडी, क्लब तथा स्कुलहरुमा वितरण गरिनेछ। विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिस्पर्धामा उत्कृष्ट प्रदर्शन गर्ने रुपन्देही जिल्ला अन्तर्गतका खेलाडी तथा प्रतिभाहरुलाई प्रोत्साहन तथा सम्मान प्रदान गरिनेछ।

४१. युवा लक्षित कार्यक्रमहरुलाई प्रभावकारी बनाई युवाहरुको क्षमता विकास र युवा रोजगारीको लागि प्राविधिक सीपका तालिम कार्यक्रम सञ्चालन गरिनेछ। प्राविधिक शिक्षालयहरुसँग सहकार्य गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

४२. विद्यालयस्तरका विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्नका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ।

४३. भौतिक पूर्वाधार पूरा नभएका विद्यालयहरुलाई प्राथमिकतामा राखि पूर्वाधार निर्माण तथा मर्मतका क्रियाकलापहरु संचालन गरिनेछ।

४४. गाउँपालिकाको आन्तरिक स्रोतवाट प्राथमिक तहमा नियुक्त भएका शिक्षकहरुको संख्यालाइ न्यूनिकरण गर्दै नि.मा.वि. र मा.वि. तहमा दरवबन्दी कम भएको हुदाँ विषयगत रुपमा विज्ञान, अंग्रेजी र गणित शिक्षक नियुक्त गरि गुणस्तरीय शिक्षालाई जोड दिइनेछ।

४५. छात्राहरुलाई नियमित विद्यालय आउने वातावरण श्रृजना गरिने छ र संघीय सरकारको सहयोगमा विद्यालय तथा सामुदायिक कलेजमा अध्ययनरत किशोरीहरुलाई गुणस्तरीय सेनिटरी प्याड निःशुल्क र भरपर्दो तरिकाबाट उपलब्ध गराइनेछ।

४६. सूचना प्रविधिमा आधारित अध्ययन/अध्यापन प्रणालीको विकास गर्ने नीति लिइनेछ।

४७. सियारी गाउँपालिकामा रहेको एकमात्र उच्च शिक्षा प्रदान गर्दै आएको श्री लिलाधर घिमिरे छपिया जनता कलेज सञ्चालनका लागि गाउँपालिकाबाट आवश्यक सहयोग गर्ने नीति लिइनेछ।

४८. अन्तर सरकार समन्वय तथा सहकार्यमा प्राविधिक धारको शिक्षालाई विकास र विस्तार गरिनेछ। साथै गरिब, जेहेन्दार विद्यार्थीहरुका लागी यस सियारीमा रहेका प्राविधिक विद्यालयहरुमा विज्ञान तथा प्राविधिक शिक्षामा छात्रवृतिको व्यवस्था मिलाइनेछ।

४९. एस.ई.ई.मा सियारी गाउँपालिका प्रथम हुने छात्र, छात्रालाई पुरस्कृत गरिनेछ साथै एम.बि.बि.एस. र इन्जिनियरिङ्गमा पूर्ण छात्रवृतिमा नाम निकाल्ने विद्यार्थीहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

५०. सियारी गाउँपालिकामा नैतिक शिक्षाको विकास तथा विस्तार गर्न विश्व प्रकाश प्रतिस्ठान लगायतका संघ संस्थासंग समन्वय गरि साझेदारीमा कार्यक्रम संचालन गरिनेछ।

५१. विद्यालय स्तरीय समस्या र समाधानका लागि रिसर्च एण्ड डेभलपमेन्ट (Research & Development) लाई प्राथमिकता दिइनेछ। गा.पा. भित्रका सामुदायिक विद्यालयहरुको स्थापित सूचकहरुको आधारमा गुणस्तर परिक्षण (School Quality Assessment) गरी उत्कृष्ट विद्यालयलाई प्रोत्साहन गरिनेछ। आवधिक रुपमा शिक्षकहरुको मुल्यांकन गरी उत्कृष्ट शिक्षकहरुलाई प्रोत्साहन गरिनेछ।

५२. **उपाध्यक्षसंग बुहारी उच्च शिक्षा कार्यक्रम** संचालन गरिनेछ, जस अन्तर्गत गरिब, दलित तथा विपन्न समुदायका बुहारीहरुलाई स्थानीय सामुदायिक कलेजमा उच्च शिक्षा अध्ययनमा प्रोत्साहन गरिनेछ।

५३. नेपाल सरकारको नीति अनुसार अत्यावश्क र आवश्यकीय स्वास्थ्य सेवाको पहुँच एवं गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य सेवा पूर्वाधार विकास र नेपाल सरकारले स्वास्थ्य संस्थाहरुमा निःशुल्क उपलब्ध गराउन तोकिएका औषधीहरुको भरपर्दो आपूर्तीको व्यवस्था मिलाइनेछ।

५४. औषधी, औषधीजन्य सामग्री र उपकरण तथा स्वास्थ्य सुरक्षा सामग्रीहरुको खरिद प्रक्रियालाई प्रभावकारी व्यवस्थित र गुणस्तरीय बनाईनेछ। गरिबीको रेखामूनी रहेका दलित असहाय लगायतका नागरिकलाई निशुल्क स्वास्थ्य बीमाको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५५. सियारी गाउँपालिकाको वडा नं.४ छपियामा निर्माणाधीन १५ शैयाको अस्पताल निर्धारित समयमै निर्माण सम्पन्न गर्नका लागि आवश्यक बजेट व्यवस्थापनको लागि नेपाल सरकारसँग विशेष आग्रह गरिनेछ। संचालनमा ल्याउन संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरिनेछ।

५६. गाउँपालिकाद्वारा सञ्चालित एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनेछ । गर्भवती महिला, असाध्य रोग लागेका विरामी, ६८ बर्ष माथिका ज्येष्ठ नागरिक, अति अशक्त "क" र "ख" वर्गको परिचय पत्र भएका अपाङ्ग लगायतलाई रुपन्देही जिल्ला भित्र नि:शुल्क र अन्य विरामीहरुलाई न्यूनतम शुल्कमा प्रदान गरिरहेको एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

५७. खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई उत्प्रेरित गरी उचितरुपमा परिचालन गरिनेछ । साथै परिवार नियोजन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न लक्षित वर्गलाई सुसुचित गरिनेछ ।

५८. **सुत्केरीसंग उपाध्यक्ष कार्यक्रम**लाई निरन्तरता दिदैं आमा र शिशुको स्वास्थ्यलाई ध्यानमा राखि प्रत्येक सुत्केरीको घरमा पुगी पोषण सामग्री प्रदान गरिनेछ ।

५९. घरमा हुने सुत्केरीलाई शुन्यमा कायम राख्दै, पूर्ण संस्थागत प्रसुती सेवायुक्त सुनिश्चित गाउँपालिकालाई दिगोपना दिइनेछ ।

६०. संघीय र प्रदेश सरकारसँगको समन्वयमा महिलाहरुको पाठेघरको मुखको क्यान्सर परीक्षणलाई सहज र सरल बनाइनेछ, स्वास्थ्य सिविर संचालन गरिनेछ ।

६१. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ जसका लागि सम्बन्धित साझेदार संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ ।

६२. ६८ बर्ष माथिका ज्येष्ठ नागरिक, अति अशक्त "क" र "ख" वर्गको परिचय पत्र भएका नागरिकहरुलाई प्रदान गर्दै आएको घरदैलो उपचार सेवा कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ ।

६३. सियारी गाउँपालिका भित्रका नागरिकहरुलाई ब्लड आवश्यक परेमा सरल र सहज तरिकाले निःशुल्करुपमा ब्लड-बैंकबाट उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

६४. नागरिक आरोग्य केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरी आयुर्वेद पद्धती र योग अभ्यासको माध्यमबाट शारिरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ । नागरिकहरुको सामाजिक, शारीरिक र मानसिक विकासका लागि योग तथा ध्यानका कार्यक्रमहरु विस्तार गरिनेछ ।

६५. प्रत्येक स्वास्थ्य चौकीमा आवश्यक स्वास्थ्य उपकरण तथा सामग्रीको व्यवस्थापन गरिदैं लगिने नीति अवलम्वन गरिनेछ ।

६६. सिकलसेल, थालेसेमिया जस्ता रोगको विरामिहरुलाई सम्बन्धित निकायमा नि:शुल्क उपचारको लागि प्रेषण गरिनेछ साथै सुगर र ब्लड प्रेसरको औषधि नि:शुल्क वितरणको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

६७. प्रयोगशाला तथा वर्थिङ्ग सेन्टरको सेवालाई थप व्यवस्थित र भरपर्दो वनाइनेछ ।

६८. नेपाल सरकारको सहयोगमा क्यान्सर, मृगौला तथा मेरुदण्ड रोगबाट पीडित स्थानीय नागरिकलाई मासिक स्वास्थ्य उपचार भत्ताको व्यवस्थालाई नियमित रुपमा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

६९. क्षयरोग र कुष्ठरोग जस्ता रोगहरुलाई नियन्त्रण गर्ने कार्यक्रम सक्रियताका साथ लागु गरिनेछ ।

७०. सियारी गाउँपालिका भित्र रहेका पूर्ण अपांगता **क** र **ख** र कुष्ठरोग, हात्तीपाइले, एच.आई.भी/एड्स, सिकलसेल एनेमिया रोग प्रभावित व्यक्तिहरुलाई संस्थागत साझेदारीमा आर्थिक उपार्जनका कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७१. फिजियोथेरापी सेवालाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

७२. सियारी गाउँपालिकाको खानेपानी तथा सरसफाई शुद्धता योजना (WASH PLAN) अनुरुप आवश्यक कार्यक्रम ल्याइनेछ ।

७३. ***एक घर, एक धारा*** जडान गर्न विशेष व्यवस्था गरिनेछ । धाराको पानी उपभोग गर्ने नागरिकहरुका लागी प्रति परिवार मासिक ८००० लिटरसम्म स्वच्छ खानेपानी नि:शुल्क वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । अति विपन्न परिवारलाई धारा जडान गर्दा सामाग्रीमा अनुदान प्रदान गरिनेछ ।

**७४.** गाउँपालिकाले खानेपानी तथा सरसफाईका सम्बन्धमा तयार गरेको योजनाले मार्गदर्शन गरे बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**"सफा घर, मेरो आँगन"** नारा अवलम्बन गरी उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गरिनेछ ।

७५. टोल विकास संस्था, नेपाल रेडक्रस, यूवा क्लव, आमा समूह लगायतका विभिन्न सामाजिक संघसंस्थासंगको सहयोग र समन्वयमा स्वच्छ, हरियाली र सुन्दर सियारी निर्माणको अभियान सञ्चालन गरिनेछ । साथै अमुवा बजार क्षेत्र, मिलनचोक र छपिया क्षेत्रमा रहेका फुटपाथहरुमा फुल तथा गमलाहरुको व्यवस्था गर्न आवश्यक कार्य गरिनेछ ।

७६. **'मेरो टोल मैले नै सफा राख्छु'** भन्ने अभियानका साथ टोल विकास संस्थाको सकृयतामा सुन्दर सियारीको पहिचान दिने गरी फोहरमैला ब्यवस्थापन गरिने छ । स्थानीयस्तरबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनको लागि उचित सार्वजनिक जग्गाको व्यवस्था गरिनेछ ।

७७. आर्थिक, सामाजिक र शैक्षिक रुपमा पछाडीपरेका महिला, दलित, आदिवासी जनजाती, थारु, मुस्लिम, पिछडा-वर्ग, अपांङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायलाई सीपमूलक, आयमुलक र रोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७८. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र वहिष्करण अन्त्यका लागि लैंगिक समानता तथा महिला सशक्तिकरणमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

७९. अपाङ्गताको प्रकृति अनुरुप आय आर्जनको लागि तालिम तथा सहायक सामग्री वितरणको ब्यवस्था मिलाईनेछ ।

८०. सबै टोल, वडा हुँदै गाउँपालिकालाई २ वर्षभित्र बालमैत्री घोषणा गर्न आवश्यक कार्यहरु प्रारम्भ गरिएकोमा निर्धारित समयभित्रै सम्पन्न गर्न आवश्यक क्रियाकलाप संचालन गरिनेछ ।

८१. आदिवासी जनजातीको भाषा, कला तथा संस्कृति संरक्षण र सम्वर्द्धनको लागि आवश्यक रणनीति लिइनेछ ।

८२. दलित वर्गको उत्थान, विकास, संरक्षण, सम्वर्द्धन, सशक्तीकरण र आय आर्जनका लागि विशेष जोड दिईनेछ ।

८३. मुस्लिम तथा पिछडिएका वर्गको आय आर्जन, सीप विकास जस्ता प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यहरुलाई प्राथमिकता दिँदै सबै किसिमका अन्याय र अत्याचार अन्त्यको लागि पहल गरिनेछ।

८५. सबै जात,जाति वर्ग समुदायको धर्म, संस्कृतिको सम्मान र संरक्षण गरिनेछ।

८६. बौद्धिक अपांगता भएका व्यक्तिहरुको हक-अधिकारको लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

८७. सियारी गाउँपालिका भित्रका शैक्षिक बेरोजगारहरुलाई सरकारी सेवामा प्रवेशको लागि अभिप्रेरित गराउन विभिन्न सरकारी सेवाका तयारी कक्षाहरु सञ्चालन गरिनेछ।

८८. **आमा बुवा संग गा.पा. अध्यक्ष कार्यक्रम** संचालन गरिनेछ जस अन्तर्गत जेष्ठनागरिक तथा धार्मिक तिर्थाटन, मुस्लिम हजयात्री विदाई तथा सहयोग, शताब्दी वर्ष पुरा गर्ने सियारी भित्र स्थायी बसोबास भएको जुनसुकै नागरिकलाई अध्यक्षद्वारा सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

८९. आफ्नै कालगतिले स्वभाविक मृत्यु हुनेहरुको दाह संस्कारको लागि आवश्यक सहयोग प्रदान गर्ने र शव अन्त्यस्टी सलामी कार्यक्रम अवलम्बन गरिनेछ।

९०. अति विपन्न तथा असहाय घर परिवारलाई खाद्यन्न वितरण कार्यक्रम संचालन गरिनेछ।

९१. **महिलासँग उपाध्यक्ष कार्यक्रम** संचालन गरिनेछ जसमार्फत दलित, विपन्न, उत्पिडित महिला तथा बालबालिकाको सर्वाङ्गिण हित प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ।

९२. सबै प्रकारको ऐतिहासिक, पुरातात्विक र धार्मिक तथा पर्यटकीय क्षेत्र तथा संरचनाहरुको संरक्षण, प्रवर्द्धन गरिनेछ।

९३. राष्ट्रिय भवन संहिता बमोजिम भूकम्पीय सुरक्षित घर निर्माण गर्न प्रोत्साहन गरीनेछ। नक्सा पास गराई घर निर्माण गर्ने कार्यलाई अनिवार्य गरीएकोले सबै नागरिकले नयाँ घर बनाउँदा अनिवार्यरुपमा नक्सा पास स्वीकृत गरेरमात्र घर निर्माण गर्न र पुराना घरहरुको समेत अभिलेखीकरण गर्न सहजताको लागि वडा कार्यालय बाटै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

९४. सियारी गाउँपालिकाको भू उपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।

९५. स्थानीयस्तरको बाटो, सार्वजनिक कुलो, खोल्सा पोखरी, आदि सार्वजनिक स्थलको सीमा अधिकार क्षेत्र तथा सेट ब्याक तोकी स्थानीयस्तरको भवन मापदण्ड तर्जुमा गरिनेछ।

९६. शहरोन्मुख क्षेत्र तथा पानी निकासको समस्या भएका बस्तिहरुमा नाली तथा ढल निकासको व्यवस्था गर्दै जाने नीति लिइनेछ।

९७. विकासका पूर्वाधारमा सडक पहिलो शर्त हुनाले गुणस्तरीय सडक निर्माणलाई प्राथमिकता दिइनेछ। सडक स्तरोन्नतीसँगै आवश्यक क्षेत्रमा नाली निर्माण गरिनेछ।

९८. सियारीको रिंगरोडलाई १७ मिटर कायम गरी निर्माण गरिनेछ। अन्य सडकको चौडाई न्यूनतम ६ मिटर कायम गर्न सबैलाई अभिप्रेरित गरिनेछ। आ.व. २०८१/०८२मा सियारी गाउँपालिकाको सडक गुरुयोजना (MTMP) निर्माण गरिनेछ जस अन्तर्गत सबै सडकहरुको मापदण्ड निर्माण र नामाकरण गरिनेछ।

९९. यसै आर्थिक वर्षमा सियारी रिंग रोडलाई सफा सडक उज्यालो गाउँ (सडक बत्ति) बनाउन व्यवस्था मिलाइनेछ जस अन्तर्गत वडा न. १ कैलाशनगर, वडा न.२ को कुट्टा चोक, वडा न.३ को हर्नैया चोक,

वडा न.४ को छपिया बजार, वडा न. ५ को बनघुसरी बजार, वडा न. ६ को मिलनचोक र वडा न.७ को अमवा बजारमा क्रमश: प्राथमिकताका आधारमा (हाइमस्क लाइट) जडान गरिनेछ।

१००. सियारी गौरवको एक मात्र योजना सियारी पर्यटन कोरिडोरलाई अन्तर सरकार समन्वय तथा सहकार्य मार्फत कार्यान्वयनमा निरन्तरता दिदै आगामी ३ वर्ष भित्र सम्पन्न गर्न प्रयत्न गरिनेछ ।

१०१. बेथरी कुट्टा छपिया बनघुसरी सडक प्राथमिकताका साथ निर्माण गरी २ वर्ष भित्र सम्पन्न गरिनेछ।

१०२. मर्मत सम्भार कोष मार्फत मौसमी तथा अन्य गतिविधीबाट क्षयीकरण हुने पूर्वाधार तथा ग्रामीण सडकहरुको तत्काल मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । यस आर्थिक वर्ष देखि पुराना बिग्रेका कालोपत्रे सडक मर्मतको कार्य प्राथमिकताका साथ संचालन गरिनेछ।

१०३. संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने योजनाको लागि समपुरक कोषमा आवश्यक रकमको ब्यवस्था गरिनेछ।

१०४. अन्तर सरकार समन्वय तथा सहकार्य मार्फत बजार उन्मुख चोकहरुमा शहरी पूर्वाधार निर्माण गर्दै लगिनेछ।

१०५. विद्युत वितरण प्रणालीलाई प्रभावकारी बनाउन विद्युत प्राधिकरणसँग समन्वय गरी आवश्यकता अनुसार ट्रान्सफर्मरको क्षमता वृद्धि, थप तथा लाईन विस्तार गरी सबै घरहरुमा र वस्तीहरुमा गुणस्तरीय विद्युतीय सेवा पुर्याउने नीति लिइनेछ।

१०६. गाउँपालिका क्षेत्रभित्र पर्ने विद्युत पोलहरुको स्थानान्तरण कार्यका लागि विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरिनेछ।

१०७. सूचना तथा सञ्चार प्रविधि विकासमा प्राथमिकता दिँदै सबै सेवाहरूलाई एकीकृत सफ्टवेयर प्रयोग गरी सूचना प्रविधि मैत्री बनाउँदै लैजाने नीति अवलम्वन गरिनेछ।

१०८. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा तथा इकाईहरू, स्वाथ्य संस्थाहरूको सेवा प्रवाहलाई सूचना-प्रविधिमैत्री बनाउदै लगिनेछ । गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट सम्पदान हुने विद्युतीय सेवालाई निरन्तरता दिइनेछ।

१०९. डिजिटल डकुमेन्ट सर्भरको निर्माण गरी एकीकृत सर्भरको क्रमशः व्यवस्थापन गर्ने नीति लिइनेछ । डिजिटल लर्निंग सेन्टरको स्थापना गरी सूचना प्रविधि सम्बन्धि एकीकृत ज्ञान हासिल गर्ने व्यवस्था मिलाइनेछ।

११०. गाउँपालिकाका नियमित क्रियाकलाप तथा प्रगति सार्वजनिक गर्नका लागि मिडियाहरुसँग सहकार्य गरिनेछ। स्वास्थ्य तथा शिक्षा क्षेत्रको सेवा प्रवाह तथा गुणस्तर अनुगमन कार्यमा मिडियाहरुको समेत परिचालन गरिनेछ।

१११. सियारीवासीहरुलाई सूचना प्रविधिको माध्यमद्वारा गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुको जानकारी गराई सूचना प्रविधिमैत्री सेवा प्रवाहको प्रवर्द्धनका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

११२. बेलवास बेथरी सडक सुन्दरीकरण कार्यलाई समुदायसंगको सहकार्यमा पूर्णता दिइनेछ। नदी उकास क्षेत्र, खोला किनारा लगायतका सार्वजनिक स्थलहरुमा वृक्षारोपण अभियान सञ्चालन गरिनेछ।

११३. जलवायु परिवतर्नका असरहरुलाई न्युनीकरण गर्नका लागि अनुकुलन कार्यहरु गर्दै वातावरण संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११४. गाउँपालिकाको प्रत्येक वडाहरुमा क्रमशः बाल उद्यान/ पार्क निर्माण गरिदैं लगिनेछ । बौद्ध विहारमा बाल उद्यान निर्माणका साथै मोनो रेलको व्यवस्था गरिनेछ ।

११५. गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पोखरीहरुको लगत संकलन गरी संरक्षण एवम् सुन्दरीकरणका लागि आवश्यक नीति  अवलम्वन गरिनेछ । सारस संरक्षणको लागि पुराना पोखरीको सरसफाई तथा जलासय निर्माणको व्यवस्था मिलाइनेछ ।

११६. स्थानीय तथा पर्यावरण संरक्षण, जलवायु परिवर्तन न्युनीकरण तथा जलवायुजन्य जोखिम कम गर्न स्थानीय अनुकुलन कार्य योजना निर्माण तथा कार्यान्वयन गरिनेछ । साथै (CDM Nepal) सि.डी.एम. नेपालसंगको साझेदारीमा जलवायु परिवर्तन वातावरण संरक्षणको क्षेत्रमा विगत २ वर्ष देखि कार्यक्रम संचालन गर्दै आएकोले आगामी २०८१/०८२ को लागि CDM Nepal संगको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११७. गाउँपालिका भित्र रहेका बाउन्नकोटी, जंगहत्था लगायतका सामूदायिक वनहरुको संरक्षण र उचित व्यवस्थापनको नीति अवलम्वन गरिनेछ । वन ऐन तथा कार्यविधि निर्माण गरी सार्वजनिक तथा निजि वन संरक्षण एवम् सम्बर्द्धन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

११८. भू–संरक्षण र जलाधार व्यवस्थापन गरी सार्वजनिक पोखरी, नदी किनाराको तटबन्ध तथा दानव र तिनाउ नदी साथै सियारी खोलामा भरपर्दो तटबन्धको लागि अन्तर सरकार  समन्वय तथा सहकार्य मार्फत व्यवस्थित बनाउँदै लगिने नीति अवलम्वन गरिनेछ ।

११९. गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक स्थलहरुको लगत सङ्कलन गरि संरक्षणको उचित ब्यवस्था गरिनेछ ।

१२०. वातावरण तथा फोहोरमैला व्यवस्थापनको लागि समुदाय, टोल विकास संस्था, विद्यालय, यूवा क्लव लगायतका अन्य संघ संस्थाहरुसँग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

१२१. घरभित्रै बाट फोहरको वर्गिकरण गर्ने नीति अवलम्वन गरिनेछ । छिमेकी स्थानीय तहसँगको सहकार्यमा फोहोर बिसर्जन गर्ने ठाउँ व्यवस्थापन लगायतका कार्यका लागी आवश्यक पहल गरिनेछ ।

१२२. सिद्धार्थनगर नगरपालिका, मायादेवी गाउँपालिकासँग साझेदारीमा वारुण यन्त्रको व्यवस्थापन तथा सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१२३. अन्तर सरकार समन्वय र सहकार्य मार्फत सहयोगी संस्था समेतको समन्वयमा विपद् जोखिम न्यूनीकरण तथा विपद प्रतिकार्य योजना परिमार्जन गरी विपद्को खोज उद्धार तथा राहतका लागी विपद् व्यवस्थापन सामग्रीको सुनिश्चितता गरिनेछ ।

१२४. विपदहरुको रोकथाम तथा न्यूननीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद\व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्थापन गरी प्रभावकारी रुपमा विपदको व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ । रेडक्रस, विद्यालय, सामाजिक संघ-संस्था, क्लब, आमा समुह तथा नदी किनारमा बस्ने नागरिकका लागि विपद् प्रतिकार्य तालिम प्रदान गरिने छ ।

१२५. पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद\जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइनेछ ।

१२६. नदीजन्य पदार्थको उपभोग गर्दा आवश्यकता अनुसार EIA तथा IEE गराई मापदण्डको परिपालना गर्ने गराउने नीतिलाई निरन्तरता दिइनेछ र नदी किनारामा वृक्षारोपण तथा भू-क्षय हुने ठाउँमा तटबन्ध गरिनेछ ।

१२७. गाउँपालिका, वडा कार्यालयहरु, विषयगत शाखाहरु, स्वास्थ्य संस्थाहरुमा कार्यरत सबै कर्मचारीहरुलाई आचरण र अनुशासन पूर्ण रुपमा पालना गर्दै सेवाग्राहीमा मुस्कान आउने वातावरण सृजना गर्ने गरी कार्य गर्न राष्ट्रसेवक कर्मचारीहरुलाई अभिप्रेरित गरिनेछ । औचित्य र आवश्यकता अनुसार जिम्मेवारीमा हेरफेर गरी सबैलाई सबै काम गर्न सक्ने गरी सक्षम बनाईनेछ ।

१२८. नियमित र प्रभावकारी बजार अनुगमनको माध्यमबाट गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरु व्यवस्थित गरिनेछ ।

१२९. गाउँपालिका तथा वडामा सञ्चालन हुने सबै बैठक तथा कार्यक्रमहरु व्यवस्थित तथा मर्यादित रुपले सञ्चालन गरिनेछ ।

१३०. जनतालाई निष्पक्ष र छिटो छरितो सेवा दिनका लागि जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता जस्ता पञ्जिकरण तथा बैंकमा जान नसक्ने अति अशक्तको लागि बैंकसँगको सहयोगमा सामाजिक सुरक्षा भत्ताको घरमै सेवा पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

१३१. गाउँपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी गाउँपालिका एवं गाउँक्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम गरिनेछ ।

१३२. गाउँपालिका भित्र छाडा चौपायको व्यवस्थापन गरी कृषकहरुको खेतीपातीको सुरक्षा गर्न सञ्चालनमा ल्याइएको रामजानकी गौशालालाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक श्रोत साधन व्यवस्थापनका लागि सहजीकरण गरिनेछ ।

१३३. नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल बीचको समन्वय र सहकार्य मार्फत गाउँपालिका क्षेत्रभित्र शान्ति सु-व्यवस्था तथा अमनचयन कायम गरिनेछ ।

१३४. स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) कार्यविधीले निर्दिष्ट गरेका बिषय क्षेत्रहरु, सूचक र मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गरी सियारी गाउँपालिकालाई उत्कृष्ट तथा सवल गाउँपालिकाको रुपमा स्थापित गरिनेछ ।

१३५. मित्र राष्ट्र भारत, चिन तथा अन्य राष्ट्रका स्थानीय तहसंग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

१३६. कर्मचारीहरुलाई उच्च मनोवलका साथ कार्यसम्पादनमा लाग्न अभिप्रेरित गर्न पुरस्कार र सम्मानको ब्यवस्था गरिनेछ । साथै कार्यबोझ तथा कार्यसम्पादन सुचकका आधारमा कर्मचारीलाई प्रोत्साहन गरीनेछ ।

१३७. गाउँपालिकाको हित र विकासको लागि अहोरात्र खटिने कर्मचारीहकरुको वृत्ति र नविन सिकाइ अनुकरणका लागि आन्तरिक पर्यटन काजलाई लागु गरिनेछ । साथै अन्तर स्थानीय तह अन्तरक्रिया तथा असल अभ्यास आदान-प्रदान कार्यक्रम संचालन गरिनेछ ।

१३८. करको दरभन्दा दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ।

१३९. राजश्व संकलनका लागी आवश्यक जनशक्ती परिचालन गरी करदातालाई सहज रुपमा कर तिर्ने वातावरण सिर्जना गरिनेछ।

१४०. करदाताको सुविधालाई मध्यनजर गरी अनलाईन माध्यमबाट कर तिर्ने करदाता पोर्टल प्रणालीको विकास गरिने छ।

१४१. करदाताले तिरेको करको मुल्याङ्कन गरी नियमित कर तिर्ने करदातालाई प्रत्यक्ष रुपमा थप सेवा सुविधासंग जोड्दै जाने नीति लिइने छ। साथै असल तथा उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।

१४२. सार्वजनिक सेवा र राजश्वबीच तादाम्यता कायम गर्दै कर नतिर्ने संस्था वा व्यक्तिलाई कर तिर्ने वातावरणको श्रृजना गरिनेछ।

१४३. नदीजन्य पदार्थ चोरी निकासी पैठारी तथा अवैध उत्खनन रोकथामका लागि विशेष रणनीति अपनाइनेछ ।

१४४. **मैले तिरेको कर मेरै सियारीको विकासका लागी हो** भन्ने अनुभुति सहित करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

१४५. कर संकलनका लागी गाउँपालिकाका विभिन्न ठाउँहरुमा घुम्ती शिविरहरु सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ।

१४६. प्राकृतिक श्रोत तथा नदीजन्य पदार्थहरुको उचित व्यवस्थापन गरी आन्तरिक राजस्व बढाउने तथा करका दायराहरु बढाई गाउँपालिकाको आय श्रोत वृद्धि गर्दै लैजाने नीति अनुसरण गरिनेछ।

१४७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, कृषक, अपाङ्गता भएका व्यक्ति तथा बिरामीलाई सम्मान गर्दै तोकिएका विषयमा सिफारिस दस्तुर छुट दिने नीति अवलम्वन गरिनेछ।

१४८. संघीय तथा प्रादेशिक पञ्चवर्षीय योजना तथा गाउँपालिकको प्रथम आवधिक योजनाको सोच, लक्ष्य, उद्धेश्य, नीति र रणनीतिबीच सामाञ्जस्यता कायम हुने गरी विकास प्रकृयालाई अगाडी बढाइनेछ। आवधिक योजना र वार्षिक कार्यक्रमबीच सामाञ्जस्यता कायम गर्न मध्यमकालिन खर्च संरचनाको प्रयोगलाई निरन्तरता दिइनेछ।

१४९. विकास निर्माण तथा कार्यक्रममा साझेदार संस्थाहरु, गैरसरकारी संस्थाहरुसँग सहयोग समन्वय र सहजीकरण गरिनेछ।

१५०. अनुगमन प्रणालीलाई स्वचालित तथा प्रभावकारी बनाईनेछ। आवश्यकता अनुसार अनुगमन टोलीमा विज्ञहरुलाई आमन्त्रण गरिनेछ।

१५१. दिगो विकासका लक्ष्यहरु, लैङ्गिक सवालहरु, वातावरणीय सवालहरु, वालवालिका सवालहरुलाई मध्यनजर गर्दै योजना तथा कार्यक्रम तर्जुमा गर्ने नीति अवलम्वन गरिनेछ।

१५२. गाउँपालिकामा हाल सम्म तर्जुमा भएका स्थानीय कानूनहरुको पालना गर्नु गराउनुका साथै औचित्यका आधारमा संशोधन तथा परिमार्जन गरिनेछ।

१५३. जनताको सर्वोपरी हितलाई ध्यानमा राखी कानूनले अधिकार प्रदान गरेका न्यायीक कार्यलाई निष्पक्ष, व्यवस्थित, विश्वासयोग्य, पारदर्शी बनाउदै लगिने छ। मेलमिलापको माध्यमबाट समाजमा सामाजिक सहिष्णुता बढाउने विषयलाई जोड दिइनेछ।

१५४. सियारी गाउँपालिकाद्वारा निर्मित मेलमिलाप सम्बन्धी कार्यविधीलाई प्रभावकारीरुपमा कार्यान्वयन गरी न्याय सम्पादन कार्यलाई व्यवस्थित गरिनेछ।

१५५. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्दै लगिनेछ।

१५६. गुनासो सुनुवाई इकाईको माध्यमबाट जनगुनासोलाई समयमै व्यवस्थापन गर्ने कार्य गरिनेछ।

अन्त्यमा अस्थिर राष्ट्रिय सार्वजनिक वित्त व्यवस्थापन तथा आन्तरिक वित्तीय असन्तुलनका बीच शासन विकास र सेवा प्रवाहको कसीमा गाउँपालिकालाई अब्बल तुल्याउन सरोकारवाला सबैको अहम् भूमिका रहने कुरामा विश्वस्त रहेको छु । यस गाउँपालिकाले दीर्घकालिन सोच, उद्देश्य तथा प्राथमिकताका साथ अघि सारेका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनले गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुर्याउने नै छ। विकास निर्माण, सेवा प्रवाह र सुशासन कायम  गर्न तथा विपद् व्यवस्थापन लगायतका अन्य चुनौतीको सामना गर्न सम्पूर्ण राजनीतिक दल, संघ-संस्था  एकताबद्ध भएर अगाडी बढौं भन्ने आग्रह गर्न चाहन्छु।  यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउनुहुने उपाध्यक्षज्यू लगायत सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यू, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, सञ्चारकर्मी, समाजसेवी, प्राध्यापक, शिक्षक, सुरक्षाकर्मी लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।  नीति तथा कार्यक्रम अनुरुप यस गाउँपालिकालाई समावेशी मर्यादित स्वच्छ र समृद्ध बनाउन सबैको साथ सहयोग र सहकार्यको पूर्ण अपेक्षा गरेको छु ।

**मितिः २०८१/०३/०५**

**धन्यवाद**

**जय सियारी, जय नेपाल**

**थानेश्वर घिमिरे**

**अध्यक्ष, सियारी गाउँपालिका रूपन्देही**